बित्थडचिर गाउँपालिका
(Bitthadchir Rural Municipality)
# गाउँ कार्यपालिकाको कार्यालय
(Office of the Ruralmunicipal Executive)

9858487345 प्र.प्र.अ.
18105000109 टोल फ्री नं.
Email:bitthadchirmun@gmail.com
Website:www.bitthadchirmun.gov.np
देउलेख, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

पसः२०८३।०८४
च.न. ६२०

मितिः२०८३।०६।१६
नेपाल संवत ११४६ जलागा षष्ठी-२१

विषयः शिक्षकको पदीय आचारसंहिता परिपालन सम्बन्धमा।

श्री सामुदायिक विद्यालयका शिक्षकहरु सबै
बित्थडचिर गाउँपालिका, बझाङ।

प्रस्तुत विषयमा शिक्षा ऐन, २०२८ (संशोधन सहित) को दफा १६ (ङ) को उपदफा (५) को खण्ड (छ) मा "शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा पदबाट हटाउने" स्पष्ट व्यवस्था भएको साथै शिक्षा नियमावली, २०५९ को नियम १३३ को उपनियम (१) को खण्ड (ग) मा 'आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैनिक वा अवाञ्छित प्रभाव पार्ने प्रयत्न गर्न नहुने' कानूनी प्रावधान भएको तर सो सन्दर्भमा यस गाउँपालिकाका शिक्षक तथा कर्मचारीहरु पदीय आचरण विपरित राजनैतिक गतिविधिमा संलग्न भएको भनि विभिन्न माध्यमबाट यस कार्यालयमा गुनासो सुन्नमा आएको हुँदा यस गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक एवम् कर्मचारीहरुले सो कानूनी व्यवस्थाको पूर्ण परिपालना गरी शिक्षक पद र शिक्षण पेशाको गरिमामय मर्यादा कायम गर्न सूचित गरिन्छ। मर्यादा विपरित गतिविधिमा संलग्न भएको प्रमाणित भए नियमानुसार आवश्यक कारवाहीको लागि सिफारिस गरिनेछ। साथै शिक्षा तथा खेलकुद मन्त्रालयको च.न १५४ मितिः२०८३।०६।०६ र शिक्षा तथा समन्वय एकाइ बझाङको च.न १५७ मितिः२०८३।०६।१६ को पत्र समेत जानकारीको लागि यसै साथ संलग्न गरेको व्यहोरा अनुरोध छ।

नरबहादुर धामी
शिक्षा अधिकृत

शम्भु ठकुल्ला
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री शिक्षा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
श्री शिक्षा विभाग, सानोठिमी भक्तपुर।
श्री शिक्षा विकास तथा समन्वय एकाइ, बझाङ।



CamScanner

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
# शिक्षा विकास तथा समन्वय एकाइ
चैनपुर, बझाङ

फोन नं.: ०९३-४१२९३
[illegible]@gmail.com

प.सं. :- ०८३/०८४
च.नं.:- ९२६

मिति:-२०८३।०६।१६

नेपाल सम्वत् ११४६ कौलाथ्व थ्वहोर शुक्रवार ।

**विषय:शिक्षकको पदिय आचारसंहिता परिपालना सम्वन्धमा।**

**श्री सबै सामुदायिक विद्यालयका शिक्षकहरु**
**बझाङ।**

प्रस्तुत बिषयमा शिक्षा ऐन,२०२८ (संशोधन सहित) को दफा १६ ङ उपदफा (५) को खण्ड (छ) मा '**शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारणी समितिको सदस्य रहेको पाइएमा पदवाट हटाइने** 'स्पष्ट व्यवस्था भएको साथै शिक्षा नियमावली ,२०५९ को नियम १३३ को उपनियम (१) को खण्ड (ग) मा '**आफ्नो सेवा सम्वन्धी कुरामा मतलव साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्ने प्रयत्न गर्न नहुने** 'भन्ने कानुनी प्रवन्ध रहेकोले यस जिल्लाका सामुदायिक विद्यालयमा कार्यरत सबै शिक्षक तथा कर्मचारीहरुले सो कानुनी व्यवस्थाको पुर्ण परिपालना गर्नहुन जानकारीको लागि अनुरोध छ। यस विपरित भए कानुन बमोजिम कार्वाही भै जाने व्यहोरा सूचित गरिन्छ। साथै शिक्षा तथा खेलकुद मन्त्रालयको च.नं. १५४ मिति २०८३।०६।०६ को पत्र पनि यसै साथ संलग्न रहेको बेहोरा अनुरोध छ।

**सुरेन्द्र बहादुर कठायत**
**(एकाइ प्रमुख)**

**बोधार्थ:**
श्री शिक्षा तथा खेलकुद मन्त्रालय सिंहदरबार, काठमाण्डौ।
श्री शिक्षा विभाग सानोठिमी ,भक्तपुर।
**श्री १२ वटै स्थानीय तह बझाङ:- आवश्यक समन्वय, सहजिकरण तथा कार्यान्वयनका लागि**

9/23/25, 4:27 PM

FB_IMG_1790159412618.jpg

नेपाल सरकार

# शिक्षा तथा खेलकुद मन्त्रालय

(विद्यालय शिक्षा शाखा)

पत्र संख्याः- ०८२।८४

चलानी नं.:- १५४

सिंहदरबार,

काठमाडौं, नेपाल ।

मितिः २०८३/०६/०६

**विषयः- आवश्यक कारवाही व्यवस्थाका लागि निर्देशन सम्बन्धमा ।**

श्री शिक्षा विकास तथा समन्वय एकाइ

७७ वटै ।

प्रस्तुत विषयमा पछिल्ला केहीदिनमा बैतडी, बाग्लुङ, सिन्धुली, सिन्धुपाल्चोक, मुगु, रौतहट, सल्यान लगायतका जिल्ला अन्तर्गत विभिन्न सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरू राजनैतिक दलको कार्यक्रममा सहभागी भइरहेको भन्ने सामाजिक सञ्जाल एवम् संचार माध्यमबाट समाचार आइरहेको देखियो । शिक्षकका उक्त गतिविधिहरू शिक्षा नियमावली, २०५९ को नियम १३३ को उपनियम (१) को खण्ड (ग) को कानुनी प्रावधान विपरीत हुनजाने सन्दर्भमा शिक्षकका त्यस्ता कार्यप्रति थप खोजबीन गर्ने, निगरानी गर्ने र स्थानीय तहसँगको समन्वयमा त्यस्तो आचार संहिता उलंघन गर्ने शिक्षकहरूलाई सोही नियमावलीको नियम १३७ को खण्ड (ग) तथा नियम १४३ बमोजिम आवश्यक कारवाहीको व्यवस्थाका लागि यस मन्त्रालयको मिति २०८३/०६/०६ गतेको निर्णयानुसार यो निर्देशन गरिएको छ।

२०८३/०६/०६

लिलानाथ पोखेल

उपसचिव

**अवगतार्थः**

माननीय मन्त्रीज्यू, शिक्षा तथा खेलकुद मन्त्रालय

**बोधार्थ**

श्री शिक्षा विभाग

सानोठिमी, भक्तपुर।



CamScanner